नेपाल सिमेन्ट उत्पादक संघ
**Cement Manufacturers Association of Nepal**
टेकु , काठ्माडौं फोन : ४१०००० ५

# सिमेन्ट उद्योगहरुमा विद्यमान समस्या

# र

# समाधानका उपायहरु :

# सिमेन्ट उद्योगहरुको वर्तमान स्थिति :

सिमेन्ट उद्योगहरुको स्थापनाकालमा सिमेन्टको खपत वृद्धि (**Growth Rate**) १२ देखी १६ प्रतिशतसम्म प्रति वर्ष रहेको थियो । आज भन्दा २० वर्ष अगाडी क्लिङ्करमा आधारीत सिमेन्टको उत्पादन निजी क्षेत्रवाट शुरु भएको र त्यसको ५-७ वर्ष पछाडी चुनढुङ्गामा आधारीत सिमेन्ट उद्योगहरुको शुरुवात भई १५-१६ वर्षको समयमा नै सिमेन्टमा आत्मनिर्भर भै निर्यात गर्न समेत सक्षम रहेको अवस्था विद्यमान रहेको छ । गत आर्थिक वर्ष २०८०।०८१ को चैत्र मसान्तसम्म करीव २,३५,३८,५७८ मे.टन सिमेन्ट र क्लिङ्कर निर्यात समेत गरेको तथ्याङ्क रहेको छ ।

# सिमेन्ट उद्योगहरुको वर्तमान स्थिति :

निजी क्षेत्रवाट वन्ने योजना आयोजनाहरुको निर्माणमा कमी आउदा सिमेन्टको खपतमा कमि आई ८ देखी १० मिलियन टन मात्रै खपत हुन जादा अधिकांश सिमेन्ट उद्योगहरु धराशायी हुन गई क्लिङ्करमा आधारीत उद्योगहरु आधाभन्दा वढि वन्द भएका र संचालनमा रहेका यस्ता सिमेन्ट उद्योगहरु समेत २० देखी २५ प्रतिशत क्षमतामा मात्रै संचालन भएका छन । त्यसैगरी चुनढुङ्गामा आधारीत उद्योगहरु ५० देखी ६० प्रतिशत क्षमतामा मात्रै संचालनमा रहेका छन ।

# सिमेन्ट उद्योगहरुको वर्तमान स्थिति :

कुल स्थापित सिमेन्ट उद्योगको संख्या : ६५

क्लिङ्करमा आधारीत उद्योग : ४४

चुनढुङ्गामा आधारीत उद्योग : २१

कुल उत्पादन क्षमता : २५ मिलियन टन प्रतिवर्ष

कुल माग : १० मिलियन टन प्रतिवर्ष

कुल लगानी : रु. ३०० विलियन

रोजगारी : प्रत्यक्ष । अप्रत्यक्ष करीव १ लाख

उद्योगले चुनढुंगा उत्खनन्को लागि वनको स्वीकृति प्राप्त गर्दा भोगाधिकार उपलव्ध गराउने जग्गा उद्योगीको नभई नेपाल सरकार कै हुने, सोको भू-वहाल पनि उद्योगीले तिर्नुपर्ने र उपलव्ध गराइएको जग्गा वरावर क्षेत्रफलको जग्गा सोधभर्ना वापत अन्यत्र खरिद गरी नेपाल सरकारको नाममा पास गरिदिनु पर्ने र जग्गाको पुनर्स्थापना गरिदिनु पर्ने हुदाँ उक्त प्रावधानले सिमेन्ट उद्योगीहरुलाई दोहरो मार परिरहेको र लागत मुल्यमा समेत वृद्धि हुन गएको छ ।

यस्तो अव्यवहारीक किसिमको व्यवस्था अविलम्व खारेज गरी भोगाधिकार वापतको जग्गाको न्युनतम भु-वहाल भाडा मात्र तिर्ने निति वनाउनुपर्ने ।

सिमेन्ट उद्योगले कुल वन क्षेत्रको १ प्रतिशत भन्दा कम क्षेत्रमा पनि खानीजन्य पदार्थको उत्खनन् गर्न वन क्षेत्रको प्रयोग गरीरहेको अवस्था छैन साथै प्रयोग गरीएको वन क्षेत्र पनि खानीजन्य पदार्थको उत्खनन् कार्य समाप्त भएपछि पुनःर्स्थापना गर्नुपर्ने र प्रयोग गरीएको वरावरको जग्गाको क्षेत्रफल वनलाई नै सट्टाभर्ना गर्नुपर्ने कानुनि व्यवस्था रहेको अवस्थामा सिमेन्ट उद्योगहरुले खानी उत्खन्नको लागी वन क्षेत्रको जग्गाको भोगाधिकार प्राप्त गर्ने प्रक्रिया अत्यन्त जटिल र धेरै समय लाग्ने अवस्था रहेकोले उक्त प्रक्रियालाई सहज र सरल गर्नुपर्ने।

- वन क्षेत्रमा रहेको खानी उत्खन्नको लागी EIA र IEE गर्ने प्रक्रियामा धेरै समय लाग्ने अवस्था रहेकोले उक्त प्रक्रियालाई सहज र सरल वनाई छोट्याउनुपर्ने ।

वन क्षेत्रको भोगाधिकारका लागी खानी तथा भुगर्भ विभाग र उद्योग विच उत्खनन् अवधीभरको एक मुस्ट सम्झौता हुने व्यवस्था रहेको तर वन कार्यालयहरु र उद्योग विचको सम्झौता हुँदा सम्झौता पत्र पटक-पटक नविकरण गर्नु पर्ने प्रावधान रहेको

यसरी पटक-पटक नविकरण गर्नु पर्ने प्रावधानले सिमेन्ट उद्योगहरुको अनावश्यक श्रम र समय खर्चिनु पर्ने हुँदा सम्झौता अवधिसम्मका लागी वन कार्यालयवाट समेत एकै पटक मात्र नविकरण गर्ने व्यवस्था हुनुपर्ने ।

वन नियमावली, २०७९ लागु भएदेखी उक्त नियमावली संशोधन नभएसम्मको अवधि (२०७९।०३।१६ देखी २०८०।०४।३२ सम्म) को वातावरणीय सेवा शुल्क वुझाउनका लागी वन तथा वातावरण मन्त्रालयले मातहतका निकायलाई निर्देशन दिई उद्योगहरुलाई पत्राचार गरेको ।

खनिजजन्य वन पैदावरमा वुझाउनुपर्ने रकम र वातावरणीय सेवा शुल्क संशोधन गरी संशोधित नियमावलीमा घटाईएको हुँदा उक्त अवधिको लागी सोहि संशोधित नियमावली अनुसार नै रकम र शुल्क वुझाउने व्यवस्था हुनुपर्ने ।

खानी तथा भुगर्भ विभागले खानी उत्खनन्को लागी प्रत्येक दिनको उत्पादन परिमाण कायम गरी मासिक र दैनिक उत्पादन परिमाणमा नबढ्ने गरी उत्पादन गर्न उद्योगहरुलाई पत्राचार गरेकोले यस्तो निर्देशन अव्यवहारीक र असहज भएको ।

खानी उत्खनन्को लागि अनुमति प्राप्त उद्योगको स्वीकृत माइनिङ्ग स्कीममा वार्षिक उत्पादन परिमाण उल्लेख हुने र सोहि बमोजिमको परिमाणमा नबढ्ने गरी उत्खनन्  गर्न पाउनुपर्ने ।

# प्रस्तावित खानी तथा खनिज पदार्थ ऐन, २०८१ संशोधन सम्वन्धमा

प्रस्तावित खानी तथा खनिज पदार्थ ऐन, २०८१ सम्वन्धमा सम्वन्धित सरोकारवालाहरुसँगको समन्वयमा व्यापक सहभागिता रहने गरी आवश्यक छलफल भई लागु गरीएमा ऐनको कार्यान्वयनमा सहज हुन जाने ।

खानी तथा भुगर्भ विभागवाट पेश भई उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयमा संशोधन प्रक्रियामा रहेको प्रस्तावित खानी तथा खनिज पदार्थ नियमावलि, २०८१ मा आवश्यक संशोधन सम्वन्धमा ।

प्रस्तावित नियमावलिमा संशोधन गर्न लागीएका वुँदाहरुका सम्वन्धमा यस संघवाट उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयमा पेश गरिएको तिन महले संशोधन सहितका सुझावहरु प्रस्तावित खानी तथा खनिज पदार्थ नियमावलि, २०८१ मा समावेश गर्नुपर्ने ।

लेमिनेटेड गरेको वोराहरुमा मात्र अनिवार्य रुपमा सिमेन्ट प्याकिङ्ग गरी विक्री वितरण गर्नुपर्ने भन्ने निर्देशनले सिमेन्ट उद्योगहरुलाई प्रत्यक्ष रुपले असर पर्न जाने भएको ।

अरबौंको अमुल्य विदेशी मुद्रा बोरा खरिद गर्नमै विदेशिने र व्यापार घाटा अझ चुलिएर जाने उपभोक्तालाई पनि मूल्य बृद्धिले प्रत्यक्ष असर पर्ने हुँदा साविक अनुसार नै नन्लेमिनेटेड वोराहरुमा सिमेन्ट प्याकिङ्ग गरी विक्री वितरण गर्दा गुणस्तर र परिमाणमा समेत कुनै फरक नपर्ने भएकोले नन्लेमिनेटेड वोराहरुमा समेत सिमेन्ट प्याकिङ्ग गरी विक्री वितरण गर्ने व्यवस्था यथावत कायम हुनुपर्ने ।

# सिमेन्टको बोरामा MRP राख्ने सम्वन्धमा

नेपालको भौगोलिक क्षेत्र अनुसार ढुवानी भाडामा एकरुपता नहुने साथै अधिकतम ढुवानी भाडालाई आधार मानी MRP तोक्ने हो भने अधिकांश उपभोक्ताहरु ठगिने र मारमा पर्न जाने भएकोले सिमेन्टको बोरामा MRP राख्नुको सट्टा विक्रि वितरण कक्षमा अधिकतम मूल्य MRP राख्ने व्यवस्था हुनुपर्ने ।

चालु आर्थिक वर्ष २०८१।०८२ को वजेटवाट सिमेन्ट उद्योगहरुका लागी कच्चा पदार्थको रुपमा अति आवश्यक रहेको कोईलाको पैठारीमा लगाईएको हरित कर (Green Tax) खारेज गर्नु पर्ने ।

सिमेन्टको मुल्यमा आएको गिरावटले गर्दा सवै जसो उद्योगहरु घाटामा संचालन भैरहेको र केहि उद्योगहरु वन्द नै भैसकेको र केहि उद्योगहरुले भारत निकाशी समेत गरीरहेको वर्तमान अवस्थामा यस प्रकारले लगाईएको अतिरिक्त हरित करले गर्दा उद्योगहरुलाई थप आर्थिक भार पर्न जाने हुँदा उक्त कर खारेज गर्नुपर्ने ।

सिमेन्ट उद्योग स्थापनाको लागी ठुलो क्षेत्रफल आवश्यक पर्ने भएको तर जग्गामा हदवन्दि कायम हुदा उद्योगलाई आवश्यक पर्ने जग्गा खरीदमा समस्या रहेको

सिमेन्ट उद्योगहरुलाई आवश्यकता अनुसार जग्गाको हदवन्दि छुट हुनुपर्ने

निर्यातलाई प्रवर्द्धन गरी व्यापारघाटा कम गर्न नेपाल सरकारले निर्यात हुने वस्तुहरुमा ८ प्रतिशत प्रोत्साहन (Incentive) दिदै आएको तर उद्योगहरुले नियमित रुपले सो रकम पाईनरहेको अवस्था विद्यमान रहेको साथै निर्यात वापतको पाउने उक्त प्रोत्साहनको रकम निकै कम रहेको ।

सिमेन्ट जस्तो ८० प्रतिशत भन्दा वढि Value Add हुने र भारतसँगको व्यापार घाटा कम गर्नमा ठुलो मद्धत गर्ने सिमेन्टलाई दिईदै आएको प्रोत्साहन (Incentive) लाई वृद्धि गरी १० देखी १२ प्रतिशत Incentive कायम गरी विगतको प्रोत्साहन (Incentive) लाई अविलम्व दिने व्यवस्था हुनुपर्ने ।

आर्थिक मन्दिका कारण हाल सवै जसो उद्योगहरु घाटामा संचालन भैरहेको र केहि उद्योगहरु वन्द नै भैसकेको वर्तमान अवस्थामा उद्योगले वैंक तथा वित्तिय संस्थाको साँवा भुक्तानी तथा व्याज वापतको रकम समयमा नै तिर्नमा समेत ठुलो कठिनाई भई रहेको

साँवा तिर्न नसक्ने चालु उद्योगहरुको कर्जाको पुर्नतालिकीकरण गर्ने व्यवस्था यथासिघ्र हुनुपर्ने, घाटामा गएका वन्द हुन चाहने उद्योगहरुलाई Provision को व्यवस्था हटाई अन्य श्रोतवाट कर्जाको साँवा व्याज भुक्तानी गर्ने प्रतिवद्धता गरेमा त्यसता उद्योगहरुलाई कर्जाको पुर्नतालिकीकरण गरी वन्द गर्न स्विकृति दिने व्यवस्था हुनुपर्ने साथै क्लिङ्करमा आधारीत सिमेन्ट उद्योगहरुलाई २५ वर्ष सम्मको Installment मा साँवा भुक्तानी गर्न पाउने व्यवस्था हुनु पर्ने

आस्फाल्ट / विटुमिनको प्रयोग गरी सडक निर्माण गर्दा सिमेन्टको प्रयोगमा कमि आई क्षमता अनुसार स्वदेशमा उत्पादित सिमेन्टको खपत हुन नसकेको ।

सडकहरु ढलानको प्रयोग गरी निर्माण भएमा सडकको आयुमा वृद्धि हुने साथै मर्मत सम्भारमा कम खर्च लाग्ने र व्यापार घाटा कम गर्नमा समेत ठुलो मद्धत पुग्न जाने, स्वदेशी सिमेन्टको खपतमा वृद्धि हुन जाने र अमुल्य विदेशी मुद्राको समेत वचत हुने भएकोले राज्यले Concrete pavement को निति अवलम्वन गर्नुपर्ने ।

औद्योगिक व्यवसाय ऐन, २०७६ र निर्देशिका अनुसार खानी उत्खन्नसँग सम्वन्धित उद्योगहरुको दर्ता प्रक्रिया उद्योग विभागवाट हुनुपर्ने कानुनी व्यवस्था रहेतापनि औद्योगिक प्रवर्द्धन वोर्डवाट स्विकृत भएपछि मात्र उद्योग दर्ता हुने प्रक्रियालाई सहजिकरण तथा सरलिकरण गर्नुपर्ने

औद्योगिक व्यवसाय ऐन,२०७६ को परिच्छेद ५ दफा २४ (२) (ङ) वमोजिम कामदार औद्योगिक व्यवसाय ऐन,२०७६ को परिच्छेद संख्याको आधारमा वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा दिने भनिएको छुट सुविधा उद्योगहरुले प्राप्त नगरेको ।

कामदार संख्याको आधारमा वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमुलक उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा दिने भनिएको छुट सुविधा उपलव्ध गराउनुपर्ने ।

नेपाल विद्युत प्राधिकरणले ट्रंक तथा डेडिकेटेड लाईनवाट विद्युत आपुर्ति गरेको भन्दै थप विद्युत उपभोग महशुलको विल पठाएवाट समेत उद्योगीहरु हतोत्साहि र मर्माहत भएको ।

**प्रयोग नै नगरेको अतिरिक्त थप विद्युत महशुल नलाग्ने व्यवस्था हुनुपर्ने ।**

# निर्यात हुने सिमेन्टको उत्पादनमा प्रयोग भएको विद्युत महशुल दर कम हुनुपर्ने ।

सिमेन्ट जस्तो ८० प्रतिशत भन्दा वढि Value Add हुने र सिमेन्टको निर्यात गर्दा विद्युत समेत उत्पादनमा नै जोडी निर्यात हुने भएकोले उद्योगमा खपत हुने विद्युतको महशुल दर कम्तिमा पाँच प्रतिशत कम हुनुपर्ने जसवाट मुल्यमा कमि आई भारतिय वजारमा प्रतिस्प्रर्धा गर्न सहज हुने

नेपालमा उत्पादित सिमेन्ट भारत निकाशी गर्नु पुर्व भारत सरकार अर्न्तगतको Bureau of Standard (BIS) वाट ईजाजत लिई भारतमा निकाशी गर्न सकिने व्यवस्था रहेको ।

सिमेन्टको निकाशी गर्नका लागी प्राप्त गर्नुपर्ने ईजाजत अधिकांश सिमेन्ट उद्योगहरुले प्राप्त गर्न नसकिरहेको अवस्थामा नेपाल सरकारले कुटनितिक पहलको माध्यमवाट ईजाजत प्राप्त गर्नमा सहजीकरण गर्नुपर्ने ।

सरकारका ३ वटै तहहरुले आफुलाई नाफामुलक (Profit Center) संस्थाको रुपमा हेरी राजश्व अभिवृद्धि गर्ने हेतुले विभिन्न कर राजश्वहरु संकलन गर्दा उत्पादित वस्तुको मुल्य वृद्धि हुन जाने र निकाशीमा प्रतिस्प्रर्धा गर्न कठिनाई हुने साथै स्थानिय सरकारले आफुखुशी कर उठाउने, कच्चा पदार्थ वोकेका गाडीलाई सडकको प्रयोग र उत्खन्‌नमा समेत अवरोध पुरयाउने आदी ।

सवै सरकारी तथा स्थानिय तहहरुले आफुलाई नाफामुलक (Profit Center) संस्थाको रुपमा हेर्न नहुने । र स्थानिय सरकारसँग संघिय सरकारले समन्वय गरी सहजीकरण गर्नुपर्ने ।

# धन्यवाद !